दंगीशरण गाउँपालिका

# दंगीशरण गाउँपालिकाको गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी, प्रदेश

नेपाल

# दंगीशरण गाउँपालिकाको गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

स्वीकृत भएको मिति २०७९/०६/२८
प्रमाणिकरण भएको मिति २०७९/०६/३०
राजपत्रमा प्रकाशित भएको मिति२०७९/०६/३१

१. प्रस्तावनाः-

दंगीशरण गाउँपालिकाको क्षेत्र भित्र छाडा छोडीएका चौपायाहरुको नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ मा भएको व्यवस्था अनुसार दंगीशरण गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## (संक्षिप्त नाम र प्रारम्भ)

२. संक्षिप्त नाम र प्रारम्भः-

(१) यो कार्यविधिको नामः- दंगीशरण गाउँपालिकाको गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ रहने छ ।

(२) गौशालाको नामः- चिसापानी गौशाला, दंगीशरण -६ दाङ

(२) यो कार्यविधि दंगीशरण गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

३. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "गाँउपालिका" भन्नाले दंगीशरण गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

(२) "अध्यक्ष भन्नाले" दंगीशरण गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्नेछ।

(३) "उपाध्यक्ष भन्नाले" दंगीशरण गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्नेछ।

(४) "वडा अध्यक्ष भन्नाले" दंगीशरण गाउँपालकाको वडा नं. १ देखि वडा नं. ७ सम्मका वडा अध्यक्षहरुलाई सम्झनु पर्नेछ ।

(५) "वडा सदस्य भन्नाले" दंगीशरण गाउँपालकाको वडा नं. १ देखि वडा नं. ७ सम्मका वडा सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(६) "संयोजक भन्नाले"दंगीशरण गाउँपालिका हेकुली दाङको गौशाला व्यवस्थापन तथा सञ्चालन समितिको संयोजकलाई सम्झनु पर्नेछ ।

(७) "सदस्य भन्नाले"दंगीशरण गाउँपालिका हेकुली दाङको गौशाला व्यवस्थापन तथा सञ्चालन समितिको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

शम्भु गिरी
अध्यक्ष

(८) "गौशाला भन्नाले" दंगीशरण गाउँपालिकाको क्षेत्र भित्र वेवारीसे अर्थात मालिकको पहिचान नभएको छाडा रुपमा छाडिएका चौपाया गाईवस्तुलाई संरक्षण तथा व्यवस्थापन गर्नका लागि राखिने स्थान सम्झनु पर्नेछ ।

(९) "कार्यविधि भन्नाले" दंगीशरण गाउँपालिका हेकुली दाङको चिसापानी गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई सम्झनु पर्छ ।

(१०) "स्थानीय सरकार" भन्नाले दंगीशरण गाउँपालिकालाई सम्झनु पर्नेछ ।

## परिच्छेद-२

### (गौशाला व्यवस्थापन सम्वन्धि व्यवस्था)

३. संरक्षण सम्वन्धि व्यवस्था :-

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११(२)(ञ)मा भएको व्यवस्था अनुसार छाडा छोडिएका चौपायालाई नियन्त्रणमा लिई उचित पालन पोषण गरी संरक्षण गर्ने ।

(२) यस कार्यविधि अनुसार गौशालामा संरक्षण नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि पशु चौपाया राखिएको अवस्थामा तिनीहरुको उचित पालन पोषण नियन्त्रण र व्यवस्थापन गर्न र पशु चौपायाको स्याहार सम्भार गर्न लाग्ने सम्पूर्ण खर्च दंगीशरण गाउँपालिकाको वार्षिक वजेटबाट विनियोजीत रकमबाट गरिनेछ ।

(३) छाडा पशु चौपायाको संरक्षण नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि कार्य दंगीशरण गाउँपालिका हेकुली दाङको गौशाला ब्यवस्थापन तथा सञ्चालन गर्ने सम्वन्धि कार्यविधि, २०७९ अनुसार सञ्चालक समितिले व्यवस्थापनको कार्य गर्नेछ ।

४. नियन्त्रण सम्वन्धि व्यवस्था :-

(१) दंगीशरण गाउँपालिकाको क्षेत्र भित्र कृषकको बालीनालीमा असर पुग्ने गरी अनाधिकृत रुपमा चौपायाको मालिक पहिचान हुन नसक्ने व्यहोरा उल्लेख गरी दंगीशरण गाउँवासीले अनुसूची १ को ढाँचामा चौपायाको पूर्ण विवरण उल्लेख गरी निवेदन दिएको अवस्थामा निःशुल्क राखिने छ ।

(२) दंगीशरण गाउँपालिकाको क्षेत्र भित्र छाडा छोडिएका पशु चौपायाहरुलाई निःशुल्क राखिने छ ।

(३) बाध्यात्मक अवस्था आएको खण्डमा घरमा जेष्ठ नागरिक मात्रै घरमा भएको अवस्थामा घरमा विरामी परी पशु चरिचरण गराउन नसक्ने अवस्था आएको खण्डमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थामा सम्वन्धीत चौपाया धनीले अनुसूची-२ को ढाँचामा निवेदन दिएको खण्डमा गौशाला सञ्चलान तथा व्यवस्थापन समितिको निर्णयानुसारको तोकिएको शूल्क बुझाई गौशालामा राखन सकिनेछ ।

(४) गौशालाको पशुचौपाय संरक्षण तथा नियन्त्रण गर्न सक्ने क्षमता संख्या ५०० (पाँच सय) को हुनेछ ।

५. व्यवस्थापन सम्वन्धि व्यवस्था :-

(१) गौशालामा संरक्षण गरि राखिएको कुनै चौपायाको कालगति वा कुनै रोग वा दुर्घटनामा परी मृत्यु भएमा सञ्चालन समितिको रोहवरमा अनुसुची ३ को ढाँचामा मुचुल्का खडा गरी गाडनु पर्ने वा उचित व्यवस्थापन गर्ने ।

(२) सरुवा वा प्राणघातक रोग लागेको पशुलाई गौशालामा राख्न पाइने छैन ।

(३) कुनै सरुवा वा प्राणघातक रोग लागेको चौपायालाई अन्य निरोगी पशु चौपायासँग राख्नु हुदैन ।

## परिच्छेद-३

## (समिति गठन काम कर्तव्य र क्षतिपूर्ति सम्वन्धी व्यवस्था)

६. समिति गठन :-

(१) दंगीशरण गाउँ कार्यपालिकाले एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना कोषाध्यक्ष र एक जना सचिव समेत गरि ७ (सात) जना भएको गौशाला व्यवस्थापन तथा सञ्चालक समितिको गठन गर्नुको साथै कम्तिमा ६ सदस्य सल्लाहकार समिति चयन गर्नेछ । सल्लाहकार समितिमा रहेका पदाधिकारीहरु बैठकको गणपुरक संख्याको रुपमा मानिने छैन । दंगीशरण गाउँपालिकाको पूर्व जनप्रतिनिधि वा वहाल रहेको जनप्रतिनिधि समेत पदाधिकारी वा सल्लाहकारको रुपमा चयन गर्न पाइनेछ ।

(२) समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

(३) गौशालाको सञ्चालन तथा व्यस्थापन गर्नका लागि सञ्चालक समितिले वार्षिक कार्ययोजना प्रत्येक वर्षको जेष्ठ मसान्त भित्रमा गाउँपालिका स्तरिय आवधिक योजना, रणनीतिक योजना, खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम पेश गर्नु पर्नेछ । सोही प्रतिवेदनका आधारमा गौशाला सञ्चालनमा लाग्ने मासिक खर्च तथा व्यवस्थानमा लाग्ने वार्षिक वजेट रकम विनियोजन गरिनेछ ।

(४) कार्यपालिकाको बैठकमा गौशाला व्यवस्थापन समितिका संयोजकले गौशाला सम्वन्धि हुने गरेका कार्य विवरण गौशाला सम्वन्धी राय परामर्श सहितको प्रतिवेदन चौमासिक रुपमा पेश गर्नु पर्नेछ ।

८ क्षतिपूर्ति सम्वन्धी व्यवस्था:-

(१) गौशालामा राखिएका पशु चौपायाहरुले किसानको बालिनालीमा क्षति पुऱ्याएमा सम्वन्धित जग्गाधनीको वा सो जग्गामा खेती गर्नेको किसानको निवेदन, सम्बन्धित वडाको सिफारिस पत्र, सम्बन्धित शाखाको क्षति भएको वस्तुस्थिति सहितको मूल्याङ्कन प्रतिवेदन प्रहरी मुचुल्का सहित गौशाला व्यवस्थापन तथा सञ्चालक समितिको निर्णय सहित गाउँ कार्यपालिकाको बैठक समक्ष क्षतिपूर्तिका लागि पेश गर्नु पर्नेछ ।

९. समितिको काम, कर्तव्य र अधिकारः (१) दफा ८ को उपदफा (१) बमोजिम गठित समितिले गौशालाको रणनीतिक योजनाको सन्दर्भमा समितिहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आवधिक रणनीतिक योजना तयार गर्ने,

(ख) गौशालाको दीर्घकालीन सोच अनुरुप लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गर्ने,

(ग) गौशालाको विकासका लगि थप स्रोतको व्यवस्थापनका लागि आवश्यक पहल गर्ने ।

(घ) अपेक्षित उपलब्धि तथा नतिजा खाका तयार गर्ने,

(ङ) गौशालाको आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(च) सहभागितामूलक विधिवाट छलफल गरी सुझाव र निष्कर्ष सहितको खर्च प्रतिवेदन तथा योजना चौमासिक रुपमा कार्य पालिका समक्ष पेश गर्ने।

(छ) गौशालामा रहेका चौपायाहरुको उमेर अवस्थाहरुको विवरण लेखिने गरी अभिलेख राखनु पर्नेछ ।

परिच्छेद-४

(गौशाला व्यवस्थापन तथा सञ्चालन समितिका पदाधिकारीहरुको योग्यता)

१०. योग्यताः-

(१) देहायको व्यक्ति गौशाला ब्यवस्थापन तथा सञ्चालक समितिको पदाधिकारी हुनका लागि योग्य हुनेछनः-

(क) नेपाली नागरीक,

(ख) ३० वर्ष उमेर पुरा भएको,

(ग) अध्यक्षको हकमा एस.एल.सी. उत्तीर्ण भएको हुनु पर्नेछ ।

(घ) घरमा गाई वा भैसी वा बाख्रा पालन गर्दै आएको हुनु पर्नेछ,

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) साहुको दामासाहीमा नपरेको,

(छ) मानसिक रुपमा स्वस्थ रहेको (होस ठेगान भएको)

परिच्छेद -५

सुविधा (यातायात र खाजा खर्च) सम्वन्धी व्यवस्था :-

११. सुविधा (यातायात र खाजा खर्च) सम्वन्धि व्यवस्था :-

(१) गौशाला ब्यवस्थापन तथा सञ्चालक समितिको संयोजक, सदस्यहरु तथा पशुसेवा शाखाबाट खटि जाने प्राविधिकलाई मासिक बैठक भत्ता वापत प्रत्येक महिना एक वटा बैठक भत्ताको लागि मात्र जनही रु ५००।- पाँच सयका दरले भत्ताको ब्यवस्था गरिने ।

अनुसूची-१

## दंगीशरण गाउँपालिकाको गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ दफा ४ को उपदफा (१) सँग सम्वन्धित

श्रीमान अध्यक्ष ज्यू

गौशाला व्यवस्थापन तथा सञ्चालन समिति

दंगीशरण-६, दाङ

उपरोक्त सम्वन्धमा दंगीशरण गाउँपालिका वडा नं. स्थित मेरो खेत/वारीमा छाडा छोडिएका चौपायले अन्नवालीमा क्षति पुऱ्याएको हुँदा उक्त चौपायालाई यस गौशालामा सरक्षण तथा व्यवस्थापन गरि दिनु हुन निवेदन गर्दछु । उल्लेखित व्यहोरा झुठ्ठा ठहरी कानून बमोजिम सहुला बुझाउला ।

| सि.नं. | चौपायको विस्तृत विवरण | रङ्ग | जात | | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदक

अनुसूची-२

दंगीशरण गाउँपालिकाको गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा ४ को उपदफा (३) सँग सम्वन्धित

श्रीमान अध्यक्ष ज्यू
गौशाला व्यवस्थापन तथा सञ्चालन समिति
दंगीशरण-६, दाङ
------------------------------

उपरोक्त सम्वन्धमा दंगीशरण गाउँपालिका वडा नं. मा मेरो स्थायी बसोवास पर्दछ । मेरो आर्थिक अवस्था कमजोर भएकाले रोजगार/औषधीउपचार गर्न बाहिर जानु पर्ने भएकाले मैल पालेका चौपायाहरुको स्याहार सम्भार गर्न नसक्ने भएकाले चिसापानी गौशालामा सरक्षण तथा व्यवस्थापन गरि दिनु हुन निवेदन गर्दछु । उल्लेखित व्यहोरा झुठ्ठा ठहरी कानून बमोजिम सहुला बुझाउला ।

| सि.नं. | चौपायाको विस्तृत विवरण | रङ्ग | जात | | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदक

अनुसूची–३

## दंगीशरण गाउँपालिकाको गौशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा ५ को उपदफा (१) सँग सम्वन्धित

दंगीशरण गाउँपालिका वडा नं. ७ मा सञ्चालित चिसापानी गौशालामा सरक्षण तथा व्यवस्थापन गर्नका लागि संरक्षित गरिएका चौपाया रोग/कालगति वा दुर्घटनामा परी मृत्यु भएकाले तपसिलमा उल्लेखित चौपायालाई तपसिलमा उल्लेखित ब्यक्तिहरुको रोहवरमा गाड्ने कार्य गरिएको व्यहोरा ठिक साँचो हो ।

| सि.नं. | चौपायको विस्तृत विवरण | रङ्ग | जात | | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

रोहवरमा

सञ्चालन समितिका पदाधिकारीहरु

स्थानीय वासीहरु

जनप्रतिनिधिहरु